ᤗᤠᤗᤡᤕᤢᤖᤠᤱᤛ ᤏᤤ.ᤑᤡ

# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)


पत्र संख्याः २०८२/८३ मितिः २०८३।०२।१९

च.नं. 1602

विषयः भुक्तानीको समयसीमा सम्बन्धमा ।

श्री शाखा (सबै),
श्री वडा कार्यालय (सबै),
श्री सामुदायिक विद्यालय (सबै),
लालीगुराँस नगरपालिका, तेह्रथुम ।
श्री निर्माण व्यवसायी (सबै),
श्री संघ/संस्था/उपभोक्ता समिति
तथा सम्बन्धित सरोकारवाला (सबै),
लालीगुराँस नगरपालिका, तेह्रथुम ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट अन्तर्गत यसै आ.व.मा सम्झौता भएका योजना तथा कार्यक्रम एवम् विगतमा सम्झौता भएका बहुवर्षीय योजना तथा कार्यक्रम तोकिएको म्यादभित्र सम्पन्न गर्न यस अघि नै विभिन्न मितिमा पत्राचार गरिएकोमा हालसम्म नेपाल सरकार समानीकरण अनुदान अन्तर्गत यस नगरपालिकालाई प्राप्त हुने रकममा ९% कटौती भइसकेकोले नगरपालिका क्षेत्रभित्र सञ्चालित योजनाहरुको भुक्तानीमा कार्य सम्पन्न गरी पहिले कागजात पेश गर्नेलाई पहिलो प्राथमिकता दिइने बेहोरा जानकारीको लागि अनुरोध छ । साथै विगतको अनुभवका आधारमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) अन्तिम समयमा कामको चापले ढिलो चल्ने, EFT समयमा नहुने, अन्तिम समयमा मौसमी प्रतिकुलताले अनुगमनमा जान असहज हुने जस्ता समस्या उत्पन्न हुनसक्ने र सम्पन्न गरेका योजनाहरुको भुक्तानी गर्न कठिनाई हुनसक्ने भएकोले सम्बन्धित सरोकारवाला (सबै) ले मिति २०८३/०३/१० सम्ममा कार्यालयमा आवश्यक कागजातहरु पेश गरी योजना तथा कार्यक्रमहरुको फरफारक गर्न/गराउनु हुन यसै सूचना मार्फत सम्पूर्णमा अनुरोध छ । अन्यथा तोकिएको समयसीमा भित्र योजना तथा कार्यक्रमहरुको कागजात पेश नभई योजना तथा कार्यक्रमको भुक्तानी नभएमा यस कार्यालय जवाफदेही नहुने बेहोरा समेत जानकारीको लागि अनुरोध छ ।

083/02/19

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थः
श्रीमान नगर प्रमुखज्यू,
श्रीमान नगर उपप्रमुखज्यू,
श्री लालीगुराँस नगरपालिका, बसन्तपुर, तेह्रथुम